# ४ विश्वासद्वारा पापको सफाई पाउनु

*यस अध्यायको निम्ति पढ्नुहोस्:* गलाती २:१५-२१, एफिसी २:१२, फिलिप्पी ३:९, रोमी ३:१०-२०, उत्पत्ति १५:५,६, रोमी ३:८।

*स्मरण गर्नुपर्ने पद:* "म येशूसँगै क्रुसमा टाँगिएको छु। त्यसकारण म जुन जीवन जीउँछु म होइन। ख्रीष्ट ममा रहनुहुन्छ। परमेश्वरको पुत्रमाथि विश्वास राखेकै कारण मलाई भौतिक जीवन बिताउन सजिलो भएको छ। उहाँले मलाई धेरै माया गर्नुहुन्छ। मेरो निम्ति उहाँले आफ्नो जीवन दिनुभयो।" (गलाती २:२० रूपान्तरित)।

आफूले नै प्रचार गरेको विषयलाई व्यवहारमा नउतार्दा पावलले पत्रुसलाई सार्वजनिक रूपमा आन्टिओकमा कडा आपत्ति जनाएका थिए भन्ने कुरालाई अघिल्लो अध्यायमा हामीले हेरेका थियौं। गैर-यहूदीहरूसँग खान नबस्दा पत्रुसले तिनीहरूलाई दोश्रो दर्जाका इसाई भन्न खोजेको पाइन्छ। यदि परमेश्वरको परिवारमा सँलघ्न हुन चाहे र यहूदीहरूको सत्संगमा हिँड्न चाहे गैर-यहूदीहरूले पहिला खतना गर्नुपर्छ भनेर पत्रुसको क्रियाकलापले सङ्केत गरेको थियो।

यस्तो गम्भिर परिस्थितिमा पावलले पत्रुसलाई के भनेको होलान् त? यथार्थमा के भयो भनेर यस अध्यायमा नियालेर अध्ययन गर्नेछौं। यस अध्यायमा भएका पदहरूले हामीलाई अत्यन्त महत्त्वपूर्ण पाठहरू सिकाउँदछन्। किनभने ती पदहरूमा सुसमाचार बुझाउन विभिन्न शव्दका समूहहरू हाम्रो समक्ष राखिएका छन्। पावलले लेखेका गलाती पत्रका बाँकी अँशहरूलाई ती शव्द समूहहरूले हामीलाई राम्ररी बुझाउँदछन्। मूलभूतमा ती शव्दहरू यी हुन्: परमेश्वरको सामु सफाया ठहरिनु वा निर्दोष हुनु, धार्मिकता, व्यवस्था अर्थात् दश आज्ञाको लक्ष्य, आस्था वा विश्वास र केवल विश्वासमात्र नभएर येशूको विश्वासले सुसज्जित हुनु।

पावलले कोरेका ती शव्दहरूका अर्थ के हुन्? मुक्तिको योजनामा ती शव्दहरूको भूमिका के छन् र हामीलाई के सिकाउँदछन्?

## १. परमेश्वरको सामु निर्दोष ठहरिनुको बारेमा जिज्ञासा (गलाती २:१५,१६)

गलाती २:१५मा पावलले लेख्दछन्, "हामी आफै जन्मजात यहूदी हौं। हामी गैर-यहूदी पापी होइनौं।" पावलले यहाँ के कुरा औँल्याइरहेको छ भनेर तपाईं सोच्नुहुन्छ?

पावलले व्यक्त गरेका शव्दहरू उनको समयकाल अनुसार उनले सम्वोधन गरीरहेका थिए भन्ने हामी बुझ्नुपर्छ। यहूदी इसाईहरू पनि आफू जस्तै होओस् भनेर पावलले चाहेका थिए। त्यसकारण उनीहरूको मन जित्न पावलले प्रयास गरिरहेका थिए। जुन कुरामा सहमत थियो त्यहि कुरालाई औँल्याएर पावलले आफ्नो तर्क प्रस्तुत गरे। यहूदी र गैर-यहूदीहरूको बिचमा भइरहेको लामो फाटोलाई उनले देखाउन चाहेका थिए। यहूदीहरू परमेश्वरले चुन्नुभएको जाती थिए। तिनीहरूले परमेश्वरको निति र व्यवस्थालाई अनुमोदन अर्थात् आत्मसात् र सुरक्षित गरिराख्नुपर्थ्यो। परमेश्वरसँगको विषेश सम्वन्धको स्वाद तिनीहरूले लिइरहेका थिए। गैर-यहूदीहरू अर्थात् अन्य जातीलाई परमेश्वरको व्यवस्था दिइएको थिएन र तिनीहरू परमेश्वरको प्रतिज्ञाको करारबाट बाहिरीएका थिए (एफिसी २:१२, रोमी २:१४)। तर पद १६मा पावलले विषेश गरेर ती यहूदी इसाईहरूलाई सतर्क गराएको पाउँछौं। उनको भनाईमा परमेश्वरका सामु ती यहूदी इसाईहरू बंशमा यहूदी भएतापनि तिनीहरूको अध्यात्मिक अधिकार गैर-यहूदीहरू भन्दा उत्तम थिएन किनभने कोहिपनि व्यवस्थाको अक्षरस पालनाले धर्मी ठहरिन्दैन। धर्मकर्म, पूण्य कामले मानिसलाई धर्मात्मा ठहराउँदैन। धर्मी अर्थात् निर्दोष भन्ने शव्द पावलले चार पल्ट गलाती २:१६,१७मा प्रयोग गरेको पाइन्छ। यसको अर्थ के हो? प्रस्थान २३:७ र व्यवस्था २५:१ पढ्नुहोस्।

परमेश्वरको सामु सफाइ पाउनु वा धर्मी ठहरिनु वा निर्दोष ठहरिनु भन्ने क्रियापद पावलको निम्ति महत्त्वपूर्ण भएको पाउँछौं। नयाँ करारमा यो शव्द उनान्चालिस पल्ट प्रयोग गरेको पाउँछौं तर त्यसमा पावलले आफ्नो पत्रहरूमा सत्ताइस पल्ट प्रयोग गरेको थियो। गलाती २:१६,१७ समेत गरेर उनले गलातीकै पुस्तकमा आठ पल्ट प्रयोग गरेका छन्। *सफाइ पाउनु* वा *निर्दोष सावित* हुनु भन्ने शव्द कानूनी

शव्द हो जुन अदालतमा प्रयोग गरिन्छ। जब कुनै मानिसको खिलाफमा दोष लगाइन्छ तब न्यायधिसले उजुरलाई राम्रोसँग केलाउँदछ। यदि निर्दोषमाथि त्यो उजुर लगाइएको छ भने त्यस न्यायधिसले त्यस मानिस निर्दोष भएको घोषणा गर्दछ। यो *दोष ठहरिनुको* उल्टो शव्द हो। अझ ग्रीक भाषाको निर्दोष वा ठिक र धर्मात्मा भन्ने शव्दको जड एउटै हो। ग्रीक शव्दको मुताविक जब कोहि मानिस निर्दोष वा ठिक सावित ठहरिन्छ भने त्यो मानिस धर्मी पनि ठहरिन्छ। त्यसकारण निर्दोष वा ठिक सावित हुनुमा केवल क्षमा वा माफीमात्र समावेश भएको हुन्दैन तर त्यो मानिस धर्मी छ भनेर सकारात्मक रूपमा घोषणा गर्ने काम पनि समावेस गरिएको हुन्छ।

अब्राहमको वंश वा करार-पालना गर्ने समुदायको दायरमा बसेर निष्ठावान हुनु नै परमेश्वरको सामु निर्दोष वा धर्मात्मा ठहरिनु हो भनेर कतिपय यहूदी इसाईहरूले सोचेका थिए।

गलाती २:१५-१७मा पावलले तपाईंलाई के भनिरहेको पाउनुहुन्छ? तपाईंको आफ्नै इसाई अनुभवमा ती शव्दहरूलाई कसरी प्रयोग गर्न सक्नुहुन्छ?

## २. व्यबस्थाका काम (रोमी ३:२०,२८)

व्यवस्थाको कामद्वारा मानिस परमेश्वरको सामु धर्मी ठहरिन्दैन भनेर पावलले तिन पटक गलाती २:१६मा जोड गरेको हामी पाउँछौं। "व्यबस्थाका काम" भनेर पावलले कोरिएका शव्दहरूको अर्थ के हो? देहायका पदहरूले ती शव्दहरूलाई कसरी वाख्या गर्दछन् जसले गर्दा पावलको भनाईलाई हामी बुझ्नसक्दछौं? हेर्नुहोस्: गलाती २:१६,१७, गलाती ३:२,३ र रोमी ३:२०,२८।

"व्यबस्थाका काम" भन्ने शव्दलाई बुझ्नु भन्दा पहिले पावलको निम्ति व्यवस्था भनेको के हो सो बुझ्नु आवश्यक छ। पावलले लेखेका पत्रहरूमा व्यवस्था (ग्रीक भाषामा *नोमोस्*) शव्द १२१ पटक कोरेको पाउँछौं। यसको अर्थ धेरै हुनसक्छ। आफ्ना जनहरूको निम्ति परमेश्वरको इच्छा, मोसाका प्रथम् पाँच पुस्तकहरू, सम्पूर्ण पुरानो करार वा महत्त्वपूर्ण नितिनियमहरू आदि व्यवस्था शव्दमा समावेश

हुनसक्दछ। तर पावलको अर्थमा प्रायजसो व्यवस्था भन्दा ती आज्ञाहरू हुन् जुन परमेश्वरले मोसाद्वारा उहाँका जनहरूलाई दिनुभएको थियो।

मोसाद्वारा परमेश्वरले दिनुभएको सम्पूर्ण बिधिबिधान, धार्मिक रितिथिति र साथै आदर्श नैतिक निति वा दश आज्ञालाई "व्यबस्थाका काम" भन्ने शव्दहरूको अर्थ हुन्। हामीले अथक प्रयासद्वारा परमेश्वरको व्यवस्थालाई पालन गर्न खोज्न सक्छौं भनेर पावलले औंल्याउँछन्। तर परमेश्वरको सामु धर्मी ठहरिन हाम्रा ती प्रयास र आज्ञा पालन कहिलै पनि पर्याप्त हुन सक्दैन। हाम्रो धर्मकर्म र धार्मिक स्वभावलाई परमेश्वरले श्यावाश भनेर हामीलाई कहिल्यै पनि धर्मात्मा बनाउने काम पर्याप्त हुँदैन। किनभने व्यवस्थाले सिद्ध निष्ठा र कामको माग गर्दछ। यो क्रियाकलाप केवल कहिले काहिँ कुनै अवसरमा, चर्चको चाडपर्वमा वा हप्ताको एकदिन चर्च आएरमात्र पुग्दैन तर हरदम सधैं त्यसलाई पालन गरिरहनुपर्दछ। यसले फेरि केवल दश आज्ञाहरूमात्र नभएर सम्पूर्ण व्यवस्थालाई निष्कलङ्करूपमा पालन गर्न अपेक्षा गर्दछ।

"व्यबस्थाका काम" भन्ने शव्द पुरानो करार र पावलको पत्रभन्दा बाहिर हामी पाउँदैनौं। तर यसको अर्थलाई सन् १९४७मा मृत सागरका (इस्रायलमा रहेको डेड सी वा मृत सागरको वरिपरि रहेको गुफामा भेट्टाइएका पुराना अभिलेखहरू) डेड सी स्क्रोल वा मुट्ठाहरूले कडा रूपमा समर्थन गरेको पाउँछौं। येशूको समयमा रहेका कट्टर एसेन्स यहूदीहरूले त्यस ताकाका प्रचिलित पातका कागतहरूमा धर्मशास्त्रलाई कपी गरेर मुट्ठा बनाएका थिए। ती नाश नहुन् भनेर ती मुट्ठाहरूलाई माटोका घैंटोहरू भित्र राखेर गुफामा लुकाइ राखेको थियो। हिब्रू भाषामा लिखित ती अभिलेखहरू मध्ये एउटामा "व्यबस्थाका काम" भन्ने शव्दहरू लेखिएको थियो। त्यस अभिलेखको शिर्षक हो Migsat Ma'as Ha-Torah (मीकसाट माज हाटोराह) जसलाई "व्यवस्थाका महत्त्वपूर्ण काम" भनेर अनुवाद गरिन्छ। बाइबलमा आधारित विभिन्न व्यवस्थाका विषय वस्तुहरूलाई त्यस अभिलेखमा वर्णन गरिएको छ। यसमा पवित्र वस्तुहरू कसरी शुद्ध राख्ने र गैर-यहूदीहरूबाट यहूदीहरू कसरी अलग भएर बस्ने भन्ने नितिनियमहरू उल्लेख गरिएका छन्। लेखकले त्यस "व्यबस्थाका काम"को

पुस्तकको अन्तमा लेख्दछन्, “यदि ती व्यबस्थाका कामलाई तिमीले पालन गर्न सक्यौं तिमी परमेश्वरको सामु धर्मी ठहरिनेछौ।" परमेश्वरको सामु धर्मी ठहरिन असल आचरणमा भर पर्छ भनेर पाठकवर्गलाई त्यस लेखमा बताइन्छ जसलाई पावलले समर्थन गरेको पाउँदैनौं।

तपाईंकै अनुभवमा परमेश्वरका आज्ञाहरूलाई कसरी अक्षरस रूपमा पालन गर्न सफल हुनुभएको छ? के तपाईंले त्यसलाई यसरी इमान्दारी रूपमा पालन गर्नु भएको छ जसले गर्दा तपाईं परमेश्वरको सामु धर्मी वा निर्दोष ठहरिन योग्य ठान्नुहुन्छ? (रोमी ३:१०-२० पढ्नुहोस्)। यदि छैन भने किन छैन? पावलले यहाँ के औंल्याउन खोजेको छ भन्ने कुरालाई तपाईंको जवाफले कसरी बुझाउन खोज्दछ?

## ३. परमेश्वरको सामु निर्दोष ठहरिने आधार (फिलिप्पी ३:९)

यहूदी इसाईहरूले येशूमाथिको विश्वास महत्त्वपूर्ण छैन भन्ने धारणा राखेका थिए भन्नु ठिक कुरो त होइन किनभने तिनीहरू सबै येशूका अनुयायीहरू थिए। ती सबैले येशूमा विश्वास तथा भरोसा राखेका थिए। तर विश्वासमात्र गर्नु पर्याप्त छैन भनेर तिनीहरूको आचरणले देखाएको थियो। विश्वासको साथै आज्ञा पालन पनि गर्नुपर्छ र परमेश्वर सामु धर्मी ठहरिन यहूदी संस्कारलाई पन्छाउनु हुन्न भन्ने तिनीहरूको तर्क थियो। धर्मात्मा वा निर्दोष सावित भएर बस्नुको आधार दुवै विश्वास र काम हुन् भनेर ती यहूदी इसाईहरूले प्रचार गरेको हुनुपर्दछ। तर पावलले यस तर्कलाई तिब्र रूपमा बिरोध गरेको हामी पाउँछौं। व्यवस्थाको कामबाट अर्थात् अथक प्रयासबाट धर्मात्मा ठहरिनु र येशूमाथि विश्वास राखेर धर्मी ठहरिनु दुई बिपरित तर्क हुन् भनेर पावलको लेखले बारम्वार उल्लेख गरेका छन्। यदि परमेश्वरको सामु कोहि निर्दोष वा धर्मी ठहरिन चाहन्छ भने केवल येशूमाथिको विश्वासको आधारमा मात्र हुन्छ भनेर पावलले जोड दिन्छन्।

विश्वास वा येशूमाथि राखिने आस्था बुझ्न त्यत्तिको मुश्किल छैन भन्ने धारणा पावलको भएको पाइएको छ। यो जहिले पनि येशूसँग जोडिएको हुन्छ। गलाती २:१६मा दुई पल्ट अनुवादित “ख्रीष्टमा राखिएको विश्वास" भन्ने शव्दहरू आफै अरू कुनै अनुवादले व्याख्या

गर्न खोजेको भन्दा कम छैन। ग्रीक भाषामा ती शव्दहरू "विश्वास" वा "येशूको बिश्वसनियता" भनेर अनुवाद गरिएको छ। व्यवस्थाको काम र येशूले हाम्रो निम्ति के गर्नुभयो भन्ने कुरामा ठूलो अन्तर छ भनेर पावलले देखाउन खोजेको पाइन्छ। यो काम येशूको त्यो काम हो जुन् हाम्रो निम्ति उहाँको विश्वसनियतामा सम्पन्न भएको थियो।

यो पनि जान्नु अत्यन्त महत्त्वपूर्ण छ, विश्वास आफैले हामीलाई निर्दोष ठहराउँदैन। यसले मानिसको अथक प्रयासबाट विश्वास आर्जन गरेको हुनाले उसको हृदयमा विश्वास जमेको थियो भन्ने तर्कलाई समर्थन गरेको पाउँछौं। तर विश्वासले हामीलाई येशूको पकडमा राख्न ढोका खुलाउँछ र हाम्रो हितको निम्ति उहाँले काम गरिरहनुभएको छ भन्ने ज्ञान हामीलाई दिन्छ। स्पष्ट रूपमा भन्ने हो भने हाम्रो विश्वासको आधारमा हामी ठहरिने होइन तर येशूको विश्वसनियतामा परमेश्वरको सामु हामी निर्दोष ठहरिन्छौं। यदि हामी परमेश्वरको सामु धर्मी ठहरिन चाहन्छौं वा निर्दोष सावित भएको हुन चाहन्छौं भने येशूले हाम्रो निम्ति के गर्नुभयो विश्वासद्वारा त्यसलाई आत्मसात् गर्नुको बिकल्प अरू छैन। विश्वासद्वारा दावी गर्ने त्यो धार्मिकता बाहेक अरू छैन।

प्रत्येक मानिसले हासिल गरेको असफलतालाई येशूले सफलतापूर्वक हासिल गर्नुभयो। मानव रूप लिएर जे कुरा येशूले गर्नुभयो त्यो परमेश्वरमाथि बफादारी भएर गर्नुभयो। परमेश्वरप्रति सद्दे विश्वसनियता केवल उहाँले मात्र देखाउन सफल हुनुभयो। ख्रीष्टको बफादारिता वा परमेश्वरप्रति निष्ठामामात्र हाम्रो आशा छ। हामीहरूको बफादारीताले हामीलाई मुक्ति दिँदैन। एक जना लेखकले यसरी व्यक्त गरेका छन्, "हामी ख्रीष्टलाई त्यसकारण विश्वास गर्दछौं यसको लागि होइन कि हाम्रो विश्वासले हामी धर्मी वा निर्दोष ठहराइन्छ तर परमेश्वरप्रति उहाँको बफादारीता र निष्ठाले मात्र हामी धर्मी वा निर्दोष ठहरिन सक्दछौं।"- जोन माकरे, पावलः हिज लाइफ एण्ड टिचिङ्ग (ग्राण्ड रापिडः मिशिगनः बेकर एकेदेमिक, २००३), पृ. ३५५बाट रूपान्तरित।

गलाती २:१६को पहिलेका अनुवादमा पावलको मर्मलाई यसरी व्यक्त गरिएकोछ, "त्यसकारण हामीलाई यो यकिन छ कि व्यवस्था अर्थात् धर्मकर्म पालन गरेर मानिस निर्दोष वा धर्मी ठहरिन्दैन। बरू

येशू मसीहमा भएको विश्वासले हामी धर्मी वा निर्दोष ठहरिन्छौं। र केवल येशू नै मसीह वा हाम्रो मुक्तिदाता हुनुहुन्छ भनेर हामी विश्वास गर्दछौं। परमेश्वरप्रति उहाँमा रहेको विश्वास वा बफादारीताले गर्दा नै हामी निर्दोष ठहरिन पुग्दछौं। हामीहरूको अथक प्रयास, धर्मकर्म वा व्यवस्थाको कामद्वारा हामी मोक्ष प्राप्त गर्न सक्दैनौं।" (रूपान्तरित)।

हाम्रो निम्ति ख्रीष्टले देखाउनुभएको परमेश्वरप्रतिको विश्वसनियता वा बफादारिता र परमेश्वरप्रति उहाँको सतप्रतिसत आज्ञाकारितामात्र हाम्रो मुक्तिको बाटो हुन् भनेर अझ राम्ररी बुझ्न देहायका पदहरूले कसरी स्पष्ट पार्दछन्: रोमी ३:२२,२६, गलाती ३:२२, एफिसी ३:१२ र फिलिप्पी ३:९?

## ४. विश्वासको आज्ञाकारिता (यूहन्ना ३:१४-१६)

विश्वास नै येशूभक्त जीवनको जग हो भनेर पावलले स्पष्ट पारेको छ। येशूमा भएका प्रतिज्ञाहरू केवल विश्वासद्वारामात्र दावी गर्न सक्दछौं। तर विश्वास वा निष्ठा भनेको ठ्याक्कै के हो त? यसमा के तत्वहरू समावेश हुन्छन्?

विश्वास कहाँबाट आउँछ भनेर देहायका पदहरूले हामीलाई कसरी सिकाउँदछन्, उत्पत्ति १५:५,६, २ कोरन्थी ५:१४,१५ र गलाती ५:६?

बाइबलमा आधारित विश्वास जहिले पनि परमेश्वरप्रति जवाफदेहि भएर सुरू गरिन्छ। परमेश्वरप्रतिको विश्वास वा निष्ठा कुनै यस्तो भावना र मनस्थिति होइन जुन मानिसले त्यसलाई अपनाउन एक दिन निर्णय गर्दछ किनभने परमेश्वरले माग गर्नुभएकोले रे। परमेश्वरले हामीलाई देखाउनु भएको कृपाप्रति कृतज्ञतालाई आत्मसात् गर्दै उहाँलाई हृदयदेखि देखाउने हाम्रो प्रेमको आभासको सुरू नै सच्चा विश्वास वा निष्ठा हो। त्यसैकारण बाइबलको परिप्रेक्ष्यमा जब जब विश्वासको कुरा उठ्दछ तब तब परमेश्वरले हामीलाई के गर्नुभयो त्यसले नै उहाँप्रति विश्वासमा अडिग हुन् निर्देशित गर्दछ। उदाहरणमा हामी अब्राहमको बारेमा लिन सक्दछौं। परमेश्वरले अब्राहमलाई गहकिलो तथा अचम्मका प्रतिज्ञाहरू दिनुभएको थियो। ती नै अब्रहामको विश्वासको प्रत्युत्तर थियो (उत्पत्ति १५:५,६)। क्रुसमा हाम्रो निम्ति ख्रीष्टले जे

गर्नुभयो त्यसको आत्मज्ञान नै हाम्रो विश्वासको थलो हो भनेर पावलले नयाँ करारमा व्यक्त गर्दछ।

यदि परमेश्वरप्रति उत्तरदायी हुनु नै विश्वास हो भने त्यस हाम्रो जवाफदेहितामा के समावेश हुनुपर्दछ? देहायका पदहरू पढनुहोस् र विश्वास अर्थात् परमेश्वरमाथि देखाउने निष्ठाको बारेमा जान्नुहोस्: यूहन्ना ८:३२,३६, प्रेरित १०:४३, रोमी १:५,८, रोमी ६:१७, हिब्रू ११:६ र याकूब २:१९।

कतिपय मानिसहरूले विश्वासलाई हल्का रूपमा प्रयोग गरेको पाउँछौं। परमेश्वरमाथिको विश्वास केवल प्रत्यार गर्नु वा केवल रायप्रति समर्थन जनाउनुमात्र हो भनेर मानिसहरूले वाख्या गर्दछन्। ग्रीक भाषामा विश्वास वा निष्ठा भन्ने शव्द ग्रीक भाषामा विश्वास वा निष्ठा भन्ने शव्द "पत्यार गर्नु" क्रियापदको नामको रूप हो। एउटै रूपबाट अर्को रूपलाई व्याख्या गर्नुको अर्थ "विश्वास हुनु भनेको विश्वास हुनु हो।" भनेको जस्तै हो। यो अर्थहिन हुनसक्दछ।

विश्वास, निष्ठा वा आस्थाको बारेमा बाइबलमा गहिरो गरेर अध्ययन गर्नसक्यौं भने त्यसको अर्थ परमेश्वरको बारेमा ज्ञान हुनु हो र दिमागले त्यस ज्ञानलाई स्विकार गर्नु हो। यसैकारणले हामीहरूमा परमेश्वरको बारेमा ठिक चित्रण हुनु अत्यन्त आवश्यक छ। परमेश्वरको चरित्रको बारेमा गलत तर्क वा चित्रणहरूले गर्दा उहाँमाथि विश्वास, भरोसा वा आस्था जगाउन धेरै अपठ्यारो वा कठिन हुन्छ। साथै सुसमाचारलाई केवल पत्यार गरेरमात्र पुग्दैन। किनभने "सैतान वा उसका दानवहरूले पनि परमेश्वरमा विश्वास वा पत्यार गर्दछ।" (याकूब २:१९)। विश्वासले मानिसको जीवनशैलीलाई असर पार्दछ। "विश्वासको आज्ञाकारिता" भनेर पावलले रोमी १:५मा उल्लेख गर्दछन्। आज्ञाकारी हुनु भनेको विश्वास नै हो भनेर पावलले भन्न खोजेको होइन। सच्चा विश्वासले मानिसको सम्पूर्ण जीवनमा असर पार्दछ केवल हल्का रूपमा दिमागमा मात्र होइन। यसले हाम्रो सम्पूर्ण जीवन हाम्रो स्वामी र मुक्तिदाता येशू ख्रीष्टलाई सुम्पन्न अग्रसर गराउँछ तर केवल नियमका शूचीलाई पालन गर्नमात्र होइन। हामी के गर्छौं, हाम्रो जीवनशैली कस्तो छ, कसमाथि भरोसा राख्दछौं, कुन् शिक्षादिक्षा वा दर्शनमा आस्था राख्छौं आदि कुराहरू विश्वासमा समावेश भएका

हुन्छन्। निचोडमा भन्ने हो भने हामी कस्तो छौं भन्दा हामी कसमाथि विश्वास गर्दछौं त्यसले देखाउँदछ।

## ५. के विश्वासले पाप गर्नलाई प्रोत्साहन गर्दछ? (गलाती २:१७,१५)

विश्वासद्वारामात्र निर्दोष ठहरिन्छ भन्ने पावलको सुसमाचारले मानिसहरूलाई पाप, अधर्म गर्न प्रोत्साहन गर्दछ, त्यसकारण धार्मिक जगतमा पावलको शिक्षा खतरापूर्ण छ भनेर उनको बिरोधीहरूले उनीमाथि आक्षेप लगाएका थिए (हेर्नुहोस् रोमी ३:८,६:१)। यदि परमेश्वरको सामु निर्दोष हुन वा धर्मी ठहरिन परमेश्वरका व्यवस्था वा आज्ञाहरू पालन गर्न पर्दैन भने आफ्नो जीवन आचरण वा शैली कस्तो हुनुपर्दछ भनेर किन चिन्ता लिने त भनेर निःसन्देह पावलका बैरीहरूले सोचेका थिए।

विश्वासद्वारामात्र निर्दोष वा धर्मी ठहरिने दिक्षाले पाप गर्न उक्साउँछ भन्ने पावलका बैरीहरूले लगाएका आरोपलाई पावलले कसरी प्रत्यारोप गर्दछ, हेर्नुहोस् गलाती २:१७,१८?

पावलका बैरीहरूले लगाएका आरोपलाई उनले कडा भन्दा कडा शव्दमा खण्डन गर्दछः "कदापी होइन!" (नेपाली बाइबल), अङ्ग्रेजी अनुवादमा त यो उल्लेख गरिएको छ, "यस्तो धारणालाई परमेश्वर आफैले रोकोस् (God forbid)!" हो, येशूकहाँ आइसकेपछि पनि मानिस पापमा फस्न सम्भव छ। त्यर त्यो सम्भाव्यता वा जिम्मा येशूले लिनु हुन्न। यदि हामीले परमेश्वरको व्यवस्थालाई टोड्यौं भने त्यसको जवाफदेहि हामी नै हुनेछौं। विधिको शासनमा बस्न नचाहने मानिसहरूमा हामी गनिनेछौं। (परमेश्वरको आज्ञालाई अवज्ञा गरेर येशभक्तहरू हिंडन् थालेमा जनमानसमा तिनीहरूप्रति गलत भावनाले अड्डा जमाएको हुन्छ र यस्तो आचरणले परमेश्वरकै बदनाम हुनजान्छ र पावलकै शव्दमा येशूलाई फेरि इसाई भनाउँदाहरूले नै क्रुसमा टाँगिदिएको हुन्छ। हेर्नुहोस्ः हिब्रू ६:६। त्यसकारण आफूमाथि लगाएको आरोपप्रति आफू अत्यन्त संवेनशील भएको कुरा उनी व्यक्त गर्दछन् )।

आफ्नो सम्वन्ध येशूसँग कस्तो गाढा छ भनेर पावलले गलाती २:१९-२१मा कसरी व्यक्त गरेकाछन्? उनका बिरोधीहरूले लगाएको आरोपलाई पावलको त्यस अविव्यक्तले कसरी खण्डन गर्दछ?

उनका बिरोधीहरूले लगाएका आरोप सरासर झुठो हो भनेर पावलले जोडदार व्यक्त गर्दछ। विश्वासको भरमा येशूलाई ग्रहण गर्नु भन्ने कुरा चानचुनको होइन। स्वर्गलाई खेलाँची गरेर विश्वास गर्नु होइन। यदि मानिसको जीवनमा कुनै परिवर्तन नै आएको छैन भने वा परिवर्तनको चाहना नै गर्दैन भने त्यो मानिसलाई परमेश्वरले धर्मी ठहराउनुहुन्न। बरू, विश्वासद्वारा येशूलाई ग्रहण गर्नु नै परिवर्तित जीवन बिताउनु हो। यस्मा पूर्ण रूपमा येशूसँग सम्वन्ध समावेश भएको हुन्छ। उहाँको मृत्यु र पुनरुत्थानमा समिश्रण वा एक हुनु हो। आत्मिक कुरामा बुझ्ने हो भने पावलको अनुसार सच्चा येशूभक्त येशूसँग क्रुसमा टाँगिएको हुन्छ र हाम्रो पुरानो पापमय जीवन जुन् स्वार्थमा जरा गाडिएको हुन्छ त्यो समाप्त भएको हुन्छ (रोमी ६:५-१४)। हामीले बिगतको जीवनसँगको सम्वन्ध सफासँग टोडेका हुन्छौं। सबै थोक अव नयाँ हुन्छ (२ कोरन्थी ५:१७)। अनि हामी पनि ख्रीष्टसँग नयाँ जीवनको निम्ति बौरी उठेका हुन्छौं। पुनरुत्थान हुनुभएको येशू हामीमा हुनुहुन्छ। हरदम उहाँको उपस्थितिप्रति हामी सजग भएर बस्दछौं। दिनप्रतिदिन उहाँले हामीलाई उहाँ जस्तै बनाउनु हुन्छ। त्यसकारण येशू ख्रीष्टमा विश्वास गर्नु भनेको केवल पापलाई ढाकछोप गर्नु मात्र होइन। बरू कुनै पनि परम्परा, व्यवस्था वा रितिथितिमा आधारित धर्म भन्दा येशूलाई विश्वास गर्नु भनेको उहाँसँग अति गहिरो र गम्भिर सम्वन्धको निम्ति आह्वान गरिएको आत्मिक पथ हो।

व्यवस्थाको काम बिना मुक्ति भनेको विश्वासबाट मात्र पाउने तर्कलाई तपाईं के भन्नु हुन्छ? के यस तर्कले तपाईंलाई केहि मात्रामा झड्का दिन्छ त? के यसले पापगर्न बहाना बनाउन स्थान दिएको तपाईंले सोच्नुहुन्छ? वा यस आत्मज्ञानप्रति तपाईं हर्षित हुनुहुन्छ? मुक्तिको बारेमा तपाईंमा रहेको धारणा कस्तो छ भन्ने कुरालाई तपाईंको जवाफले के देखाउँछ?

**उपसंहारः**

थप जानकारीः “विश्वासद्वारा निर्दोष ठहरिने भन्ने ज्ञानलाई गलत ढँगमा मानिसहरूले उपयोग गरिरहेकाछन् भनेर परमेश्वरले मलाई बारम्वार सचेत गराउनुभएको थियो। यस बिषयमा मानिसहरू अलमलमा परोस भनेर सैतानले विषेश प्रयास गरिरहेको छ भनेर परमेश्वरले मलाई बर्षौंदेखि देखाइरहनुभएको छ। येशू र व्यवस्था अर्थात् दश आज्ञाको बिचमा कस्तो सही सम्वन्ध छ भन्ने विषयमा प्रचारक वा पादरीहरूले प्रचार गर्न असफल भइरहेको सन्दर्भमा आफ्नो भेटीलाई केनले के गरेको थियो, त्यहि मनस्थिति आजका ती सुसमाचारका प्रचारकहरूले गरिरहेकाछन्। मुक्तिको बारेमा मिश्रित र भ्रामिक तर्कहरूले मानिसहरूको मनमा अड्डा जमाइराखेको हुनाले तिनीहरूले विश्वासबाट टाडा भइरहेकाछन् भनेर परमेश्वरले मलाई देखाउनुभएकोछ। त्यो किनभने ती प्रचारकहरूले मानिसहरूको हृदयमा गलत तरिकाले पुगिरहेकाछन्। ख्रीष्टमा हामी कसरी धर्मी ठहरिन्छौं भन्ने उचित आत्मज्ञान मानिसहरूको बिचमा बाँड्नु अत्यन्त महत्त्वपूर्ण छ भनेर बर्षौंदेखि परमेश्वरले मेरो ध्यान केन्द्रित गरिरहनुभएकोछ...।

“आफ्नो अथक प्रयास वा उत्तम भन्दा पनि उत्तम कामहरूद्वारा पापीहरू मुक्ति पाउनु असम्भव छ भन्ने कुरा थाहा पाउनु जस्तो ठूलो अरू कुनै विषयवस्तु छैन। मुक्ति भनेको केवल येशू ख्रीष्टमा आस्था वा विश्वास राखेरमात्र उपलव्ध हुन्छ।"-एलेन जी ह्वाइट, *फेथ एण्ड वर्कस्* पृ. १८,१९बाट रूपान्तरित।

“परमेश्वरको व्यवस्था वा दश आज्ञाले मानिसहरू धर्मी हुन माग गर्दछ, र पापीहरू त्यस व्यवस्थाप्रति ऋणी हुनुपर्दछ। तर आफ्नै प्रयासले त्यस व्यवस्था वा विधिको शासनमागलाई पूरा गर्न सक्दैन। केवल विश्वासद्वारामात्र त्यस व्यवस्थालाई पालन गर्न सम्भव हुनसक्छ। ख्रीष्टबाट पापीले के पाएकोछ त्यो विश्वासद्वारा परमेश्वरकहाँ ल्याउन सकिन्छ। अनि परमेश्वरले त्यस पापीको खातामा उहाँको पुत्रको आज्ञाकारितालाई राखीदिनुहुन्छ। पापीको असफलताको ठाउँमा ख्रीष्टको धर्मात्मालाई परमेश्वरले ग्रहण गर्नुहुन्छ। अनि जो पश्चाताप गरेर येशूलाई विश्वास गर्दछ त्यसलाई परमेश्वरले ग्रहण गर्नुहुन्छ, क्षमा दिनुहुन्छ र उसलाई निर्दोष सावित गराउनुहुन्छ।

परमेश्वरले आफ्नै पुत्रलाई प्रेम गरेको जस्तै उसलाई प्रेम गर्नुहुन्छ, त्यस मानिस धर्मी भएको जस्तै व्यवहार उहाँले त्यसलाई गर्नुहुन्छ।"-एलेन जी ह्वाइट, सेलेक्टेड मेसेजज्, बुक १, पृ. ३६७बाट रूपान्तरित।

**चिन्तनमनन:**

क. माथि उल्लेख गरिएको एलेन जी ह्वाइटको अभिव्यक्तले यो भन्दछ कि विश्वासद्वारा हुने निर्दोष सावितको ज्ञान जस्तो महत्त्वपूर्ण विषयवस्तु अरू कुनै छैन रे। सय वर्ष भन्दा अघि व्यक्त गरेको यो भनाईको बारेमा छलफल गर्नुहोस्। के आजपनि यो समय सापेक्षित छ त? छ भने किन?

ख. यदि धर्मकर्म वा व्यवस्थालाई अक्षरस पालन गरेर कोहि धर्मात्मा ठहरिन्छ वा पापबाट मोक्ष प्राप्त गर्न सक्छ भने येशूको मृत्युको कुनै औचित्य छैन भनेर पावलले गलाती २:२१मा किन भनेको त? पावलको भनाइको तात्पर्य के हो?

**सारांश:** जब सम्म खतना गरिन्दैन तब सम्म गैर-यहूदी वा विदेशीहरू सत्य इसाई हुँदैन भनेर पत्रुसले आन्टओकमा देखाएका आचरणले आभास दिएको थियो। त्यस्तो धारणा अत्यन्त मूर्खपूर्ण र गलत छ भनेर पावलले औंल्याएको थियो। मानिस राम्रो भयो, असल देखिन धर्मकर्म गर्ने, परोपकारी वा भलादमी भएर देखाउने, उदारबादी वा अथक प्रयासद्वारा सिद्ध प्राप्त गर्न खोज्ने आदि क्रियाकलापबाट परमेश्वरले उसलाई धर्मी वा निर्दोष ठहराउनुहुन्न अर्थात् पापबाट मुक्त गर्नुहुन्न। किनभने संसारका कुनै पनि अत्यन्त असल मानिस पनि सिद्ध छैन। केवल येशू ख्रीष्टले हाम्रो अनन्त जीवनको निम्ति के गर्नुभयो त्यसलाई स्विकारेर मात्र पापीहरू परमेश्वरको आँखाको सामु निर्दोष ठहरिन सकिन्छ।